बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

(कार्यक्षेत्रः रामेछाप र दोलखा)

मन्थली, रामेछाप

## उन्नत प्रविधि प्रदर्शन कार्यक्रममा सहभागीताका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८२/०१/०२

कृषि विकास कार्यालय, रामेछापको चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "उन्नत प्रविधि प्रदर्शन कार्यक्रम" कार्यालयले छनौट गरेको प्रदर्शन स्थलमा संचालन गर्न रामेछाप र दोलखा जिल्ला भित्रका इच्छुक आवेदकहरु (कृषक समूह, उत्पादनमुलक सहकारी) ले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८२/०१/२२) सम्म कार्यालय समयभित्र आइपुग्ने गरी तपशिल बमोजिमका सहयोगी कागजातहरु सहित आवेदन/प्रस्ताव तयार गरी कृषि विकास कार्यालय, रामेछाप वा कार्यालयको सेवा केन्द्र चरिकोट, दोलखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरएको छ ।

| कार्यक्रमको नाम | इकाई/ प्ररिमाण | कुल बजेट रु. लाखमा | संचालन गर्न सकिने क्रियाकलाप | | | स्वीकृत कार्यविधि |
|---|---|---|---|---|---|---|
| | | | तरकारी खेती तर्फ | खाद्यान्न बाली तर्फ | फलफूल बाली तर्फ | |
| उन्नत प्रविधि प्रदर्शन | पटक/ ४ | २० | स्मार्ट नर्सरी, बाली संरक्षण एवं बाली पोषण सम्बन्धी क्रियाकलापहरु, संरक्षित संरचना भित्र फर्टिगेसन, | राइस ट्रान्स प्लान्टर मार्फत धान रोपण, शून्य/न्यूनतम खनजोत प्रविधि, | सुन्तलाजात बगैचामा थोपा सिंचाई सहितको प्रविधि, किवि खेतीमा थोपा सिंचाई सहितको प्रविधि आदि | एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ |

आवश्यक कागजातहरुः

१. रु १०/- को टिकट टाँस गरी स्वीकृत कार्यविधि को अनुसूची बमोजिम उल्लेखित निर्धारित फर्मेट अनुसारको प्रस्ताव पत्र/आवेदन,

२. क्षेत्रफल खुल्ने कागजातहरु साथै जग्गा लिएको भए कम्तिमा ५ वर्षका लागि जमिन भाडामा लिएको प्रमाण एवं निरन्तर कृषि कार्य गर्ने प्रतिबद्धता/स्वघोषणा पत्र,

३. समूह/सहकारी दर्ता/अद्यावधिक प्रमाणपत्र तथा प्रस्ताव पेश सम्बन्धि समूह/सहकारी संस्थाको बैठक निर्णयको प्रतिलिपि,

४. स्थानीय तहको कृषि शाखाको प्रस्तावित प्रविधि प्रदर्शन स्थल तथा सहभागी हुने कृषकको प्राविधिक रुपमा उपयुक्त रहेको सिफारिस पत्र,

५. कार्यक्रम संचालन तथा संरचना निर्माणका लागि आवश्यक जग्गा पर्ने भएमा न्युनतम मापदण्ड तोकिए बमोजिमको लालपुर्जाको प्रतिलिपि साथै जग्गा लिजमा भए सम्बन्धित वडा कार्यालय वा तोकिएको निकायबाट प्रमाणित करार समझौताको प्रतिलिपि,

६. खुल्ला जमिनमा तरकारी बालीका लागि कम्तीमा २ रोपनी, फलफूल बालीका लागि कम्तीमा ४ रोपनी, संरक्षित संरचना तरकारी खेतीका लागि १८० वर्ग मिटर र खाद्यन्न बालीका लागि कम्तीमा ५ रोपनी क्षेत्रफल न्यूनतम,

७. अख्तियार प्राप्त तथा प्रदर्शन गरिने व्यक्तिको नागरिकताको प्रतिलिपि.

2082/01/02

नि. प्रमुख

फोन नं. ०४८-५४०३०८, ०४८-५४००६३
ईमेलः adoramechhap@gmail.com, वेवसाईटः ramechhap.ado.gov.np,Facebook Page: कृषि विकास कार्यालय, रामेछाप